नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

प. सं.: २०८२/०८३

च. नं. ४९६

मितिः २०८३।१।२१

ने.सं. ११४६

विषयः सम्माननीय प्रधानमन्त्रीज्यूसँगको भेटमा माननीय प्रतिनिधि सभाका सदस्यज्यूहरुले उठाउनु भएका यस मन्त्रालय एवं स्थानीय तहसँग सम्बन्धित रहेका विषयहरु उपर सुझाव सहित कार्यार्थ पठाईएको।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

सम्माननीय प्रधानमन्त्रीज्यूसँगको भेटमा माननीय प्रतिनिधि सभाका सदस्यज्यूहरुले उठाउनु भएका विषयहरु आवश्यक कार्यार्थ पठाईएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८२/०८३, च. नं. ४०५२, मिति २०८३।०१।१० को पत्र संलग्न छ । सो सम्बन्धमा यस मन्त्रालय एवं स्थानीय तहसँग सम्बन्धित रहेका विषयहरु उपर देहाय बमोजिम सुझाव सहित कार्यार्थ पठाईएको व्यहोरा मिति २०८३।०१।२१ को निर्णयानुसार अनुरोध छ ।

देहायः

| यस मन्त्रालय एवं स्थानीय तहसँग सम्बन्धित रहेका विषयहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | प्रदेश | माननीयज्यूहरुबाट उठान भएका तत्काल सम्बोधन गर्नुपर्ने विषयहरु | समाधानका लागि सुझाव | कैफियत |
| १. | कोशी प्रदेश | Bureaucracy को व्यवस्थापन कंक्रिट रुपमा गर्नुपर्ने। | सङ्घीय निजामती सेवा ऐन जारी भएपछि सोही बमोजिम प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन बीच सामञ्जस्यता कायम गरी कर्मचारी व्यवस्थापन गर्ने। | |
| २. | मधेश प्रदेश | बृद्ध भत्ता समयमा नपाउँदा समस्या भएको छ। | नेपाल सकार, गृह मन्त्रालय, पञ्जिकरण विभागको समन्वयमा विवरण अद्यावधिक गरी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय समक्ष स्थानीय तहले समयमै भूक्तानी माग गरी सामाजिक सूरक्षा भत्ता समयमै घरमै वा सम्बन्धित वडामै गई वा बैंकमार्फत वितरण गर्ने व्यवस्था मिलाउने। | |
| ३. | मधेश प्रदेश | बृद्ध भत्ता घरमै/बैंकमार्फत वितरणः लाइन बस्न नपर्ने व्यवस्था। | | |
| ४. | मधेश प्रदेश | गुनासो दर्ता प्रणालीः नागरिकले तुरुन्त उजुरी दिन सक्ने (हेल्पलाइन/गुनासो पेटिका)। | सबै स्थानीय तहमा उजुरी पेटिकाको व्यवस्था र परेका उजुरीको नियमित रुपमा फर्छ्यौट गर्ने व्यवस्था मिलाउने। | |

प. सं.: २०८२ /०८३

| | | | | |
|---|---|---|---|---|
| ५. | मधेश प्रदेश | पर्साको स्थानीय सरकारहरु भ्रष्टाचारमा चुलुर्म डुबेर गाउँ-गाउँ सहर-सहर डुङ्ग-डुङ्ग गनाएकोले अख्तियार लगायतका नियमन निकायलाई विशेष निर्देशन सहित परिचालन गर्ने। | स्थानीय तहको कार्यप्रक्रियामा पारदर्शिता र उत्तरदायित्वका औजारहरुको समुचित र प्रभावकारी रुपमा प्रयोग गर्दै वित्तीय अनुशासनमा सुधार गर्ने। | |
| ६. | मधेश प्रदेश | मधेशको शिक्षा र स्वास्थ्यमा करारको र कर्मचारी तुरुन्त हटाऔं। | गाउँपालिका/नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम मात्र कर्मचारी भर्ना गर्ने । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटाईएको प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिई निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्य गर्ने पद्धतिको अन्त्य गर्ने । | |
| ७. | मधेश प्रदेश | स्थानीय तहमा करार नियुक्तिको विगविगी रहेकोले लोकसेवाबाट मात्र कर्मचारी भर्ना गर्ने व्यवस्था गरियोस्। | | |
| ८. | मधेश प्रदेश | मधेशमा विशेष गरी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुधारको लागि विभिन्न करारका कर्मचारीहरु तथा निमित्त कर्मचारीहरुलाई हटाएर योग्यताको आधारमा पदपूर्ति गर्ने। | | |
| ९. | मधेश प्रदेश | स्थानीय तहको भूमिकालाई सहयोग र कार्यान्वयनमा सिमित गर्ने। | स्थानीय तहले संविधानको अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका भूमिकामा केन्द्रीत रही कार्य गर्ने। | |
| १०. | मधेश प्रदेश | स्थानीय तहले समयमा नगरसभा नगर्नु। | नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम हरेक गाउँपालिका, नगरपालिकाले तोकिएको समयमा गाउँसभा तथा नगरसभा सम्पन्न गर्ने। | |
| ११. | मधेश प्रदेश | समयमै नगरसभा नगरे कानूनी कारबाही हुने व्यवस्था गर्ने। | गाउँसभा तथा नगरसभा सम्बन्धी केही व्यवस्था बाध्यकारी बनाउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनको क्रममा रहेकोले समयमै सभा गर्ने पद्धतीको विकास गर्ने। | |

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

प. सं.: २०८२ /०८३

| | | | | |
|---|---|---|---|---|
| १२. | मधेश प्रदेश | धनुषा निर्वाचन क्षेत्र-2 का स्थानीय तहका कर्मचारीहरुको लापरबाहीका कारण जनताले दैनिक रुपमा सास्ती भोग्नुपरेको छ। | कर्मचारीको आचार संहिता सम्बन्धी मौजुदा सङ्घीय ऐन, कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित प्रदेश कानून बमोजिम स्थानीय तहका कर्मचारीले आचारसंहिता पालना गर्ने तथा समयमै कार्यसम्पादन गर्नेगरी कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) तर्जुमा गरी लागू गर्ने। | |
| १३. | मधेश प्रदेश | साधारण कामका लागि पनि हप्ता दिन कुर्नुपर्ने अवस्था। | | |
| १४. | मधेश प्रदेश | एकद्धार सेवा (One-stop service): एउटै ठाउँबाट छिटो सेवा दिने व्यवस्था। | मन्त्रालयबाटबाट एकद्धार सेवा प्रवाह (One Stop Service Delivery: OSSD) सम्बन्धी Framework तयार हुने क्रममा रहेको हुँदा सो प्राप्त भएपश्चात प्रभावकारी कार्यान्वयन गर्ने। | |
| १५. | मधेश प्रदेश | अनुगमन टोली सक्रिय गर्ने: जनप्रतिनिधि वा उच्च निकायबाट नियमित निरीक्षण। | प्रचलित कानूनले तोके बमोजिम सेवा प्रवाह र विकास आयोजना तथा सम्बद्ध निकायको नियमित अनुगमन र सुधारको व्यवस्था गर्ने। | |
| १६. | मधेश प्रदेश | स्थानीय सरकारहरुमा महिनौ देखि प्रमुख प्रशासकीय अधिकृत विहिन भएर कतिपय जनसरोकारका विषयहरु रोकिएको छ, त्यस तर्फ ध्यान जान जरुरी छ। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम यस मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत खटाउँदै आइएको छ । रिक्त भएका स्थानीय तहले समेत प्रशासन सुधारलाई महत्व दिई कार्य गर्ने। | |
| १७. | मधेश प्रदेश | प्रशासनिक सुधारको लागि सङ्घीय संसदहरुले नेतृत्वमा अनुगमन टोली गठन। | मन्त्रालयले प्रशासन सुधारका लागि नियमित रुपमा कार्य गरिरेको छ। प्रदेश सरकार र स्थानीय तहले समेत प्रशासन सुधारलाई महत्व दिई कार्य गर्ने । | |
| १८. | बागमती | सुशासनको अवस्था र ५३ औं स्थानको विडम्बना: राजधानीसँगै जोडिएर पनि धादिङ सुशासनको सूचकाङ्कमा 53 औं स्थानमा पर्नु लज्जास्पद छ। यो कर्मचारीतन्त्र वा राजनीतिकतन्त्र कहाँको कमजोरी हो, त्यसलाई सूक्ष्म अध्ययन गरी जिल्लामा व्याप्त कुशासन र बेथिति अन्त्य गर्न विशेष कदम चालियोस्। | जिल्लाको सुशासनका लागि मन्त्रालयले अन्य निकायहरुसँगको समन्वयमा जिल्लास्थित कार्यालयको प्रशासनिक सुधारमा कार्य गर्ने । स्थानीय तहहरुले आ-आफ्नो आन्तरिक सुशासन कायम गर्न कदम चाल्ने। | |

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
**E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np**

प. सं.: २०८२ /०८३

| | | | | |
|---|---|---|---|---|
| १९. | बागमती | राष्ट्रिय परिचयपत्रलाई सबै Service Delivery मा Joint गर्ने Mechanism Developed होस। जसले सेवा प्रवाहलाई सहज र सजिलो बनाउछ। जहाँ पनि कागजपत्र सहित जानुपर्ने अवस्था हुदैन। | नेपाल सकार, गृह मन्त्रालय, पञ्जिकरण विभागको समन्वयमा नागरिकता को अनुसूची र राष्ट्रिय परिचयपत्रको फारम लिङ्क भएको र अन्य सेवा प्रवाहमा समेत जोडिने क्रममा रहेको अवस्थामा स्थानीय तहले सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने। | |
| २०. | गण्डकी प्रदेश | स्थानीय निकायहरुमा विकास निर्माण कार्यका पार्टीगत उपभोक्ता समितिहरुको छानविन, दलगत पक्षपात अन्त्य र सामाजिक लेखापरीक्षण अनिवार्य बनाइनुपर्छ। | उपभोक्ता समिति निर्माणमा तटस्थता कायम गर्ने र कुनै अनियमितताका गुनासा भए अनुगमन तथा अध्ययन गरी आवश्यक कदम चाल्ने । आयोजना/कार्यक्रमको सामाजिक लेखापरीक्षण अनिवार्य रुपमा गर्ने व्यवस्था गर्ने । | |
| २१. | गण्डकी प्रदेश | नगरपालिकाका कर्मचारीहरु धेरै राजनितिक नियुक्ती भएका र राजनितिक भर्ति केन्द्रका रुपमा रहेको कारणले त्यसको तत्काल समाधान गर्नु पर्ने। | स्थानीय तहको काम, दरबन्दी र कर्मचारीको अनुपातको लेखाजोखा गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी स्वीकृत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सम्बन्धित स्थानीय सेवा ऐनमा भएको व्यवस्था बमोजिम मात्र कर्मचारी भर्ना गर्ने। | |
| २२. | गण्डकी प्रदेश | स्थानीय कर्मचारी भएका कारण ढिलासुस्ती तथा काम नगर्ने। समयमा कार्यालय नआउने लगायतका धेरै समस्या रहेको। | कर्मचारीको आचार संहिता सम्बन्धी मौजुदा सङ्घीय ऐन, कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित प्रदेश कानून बमोजिम स्थानीय तहका कर्मचारीले आचारसंहिता पालना तथा काम, कारबाही गरे नगरेको सम्बन्धित अधिकारीले अनुगमन गरी नियमानुसारको कारबाही गर्ने। | |
| २३. | गण्डकी प्रदेश | Local Government ले Project Bank बनाएर Local Government सँग collaboration गर्ने गरी mechanism जवाफदेही बनाउन। | योजना छनौट र सञ्चालन गर्ने सम्बन्धमा स्थानीय तहले निश्चित मापदड तयार गरी कार्यान्वयन गर्ने र सो का आधारमा स्थानीय आयोजना बैंक कार्यान्वयन गर्ने। | |

प. सं.: २०८२ /०८३

| | | | | |
|---|---|---|---|---|
| २४. | कर्णाली प्रदेश | दुर्गम गाउँमा बत्ती बाल्न कठिन भएको छ, वैकल्पिक उर्जाको रुपमा Mini-Grid हुन्छ, 20 लाख मात्र भए 20 लाख वैकल्पिक उर्जाबाट अनुदान पाईने भाको छ। | सम्बन्धित स्थानीय तहहरुले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र तथा विद्युत प्राधिकरण सँग समन्वय गरी आवश्यक पहल गर्ने । | |
| २५. | कर्णाली प्रदेश | इलाका प्रशासन कार्यालय चलखेलीमा नापी र मालपोत पनि राख्ने। | विषयगत मन्त्रालयको मागका आधारमा यस मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रक्रिया अघि बढाउने हुँदा सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने। | |
| २६. | सुदुरपश्चिम प्रदेश | नगरपालिका भए पनि न्यूनतम मापदण्डसमेत पूरा भएका छैनन्, नाम मात्रका नगरपालिका रहेका छन। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको प्रक्रिया पुरा गरी वर्गीकरण पुनरवलोकनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने (यस सम्बन्धमा मन्त्रालयले मापदड तर्जुमा गरिरहेको)। | |
| २७. | सुदुरपश्चिम प्रदेश | महाकाली पारी एउटा पालिका चाँदनी दोधारामा भारतीय पैसा प्रयोग हुन्छ, नदीले कटान, अत्यान्त दुर्गम भएकोले धेरैले नेपाली भएको महसुस गरेको छैनन्। त्यहाँ विकास र सुविधा प्रदान गरिनुपर्ने। | सम्बन्धित स्थानीय तहले विकासको आवश्यकता पहिचान गरी संघ र प्रदेशका विषयगत मन्त्रालयमा आयोजना माग गर्ने। | |

९।२१

(दीपेश कट्टेल)
शाखा अधिकृत

**बोधार्थः**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिंहदरबार।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या:- ०८२/८३

च.नं.:- ४०५२

मिति:२०८३/०१/१०

नेपाल संवत: ११४६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३५५८
दर्ता मिति:- १/१०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार,काठमाडौं ।

विषय: आवश्यक कार्यार्थ ।

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूसंगको छलफलमा संघीय संसद प्रतिनिधि सभाका माननीय सदस्यहरूले उठाउनुभएका तहाँ मन्त्रालयसंग सम्बन्धित तत्काल सम्बोधन गर्न सकिने विषयहरुको आवश्यक कार्यार्थका लागि यसै पत्रासाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(केशवराज सुवेदी)

सहसचिव

बोधार्थ:-

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- १५०३
दर्ता मिति:- ०८३।०१।११